लुम्बिनी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

राप्ती उपत्यका(देउखुरी), नेपाल

प.सं.:- २०८२/०८३
च.नं.:-

मितिः- २०८३/०२/०८

**पदपूर्ति प्रक्रियाका बाँकी कामकारबाही स्थगित भएको सम्बन्धी सूचना।**

लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतको कपिलवस्तु अस्पताल, तौलिहवाको लागि प्रदेश स्वास्थ्य सेवाको विभिन्न समूहका विभिन्न पद र तहका स्वीकृत अस्थायी दरबन्दीमा रहेका रिक्त पदहरुमा पदपूर्ति गर्न अस्पतालबाट मिति २०८२/१२/१८ गते प्रकाशित विज्ञापन बमोजिम दरखास्त पेश भई स्वीकृत भएका उम्मेदवारहरुको "करार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८०" को दफा ४ को उपदफा १(अ) बमोजिम गठित पदपूर्ति समितिको मिति २०८३/०२/०६ गतेको निर्णयानुसार संक्षिप्त सूची तथा अन्तरवार्ता सम्बन्धी सूचना प्रकाशन भएकोमा मिति २०८३।०२।०७ गतेका दिन यस मन्त्रालयमा ईमेल मार्फत पदपूर्ति आवेदन संकलन देखिकै प्रक्रियाका विभिन्न चरणमा त्रुटि भएको र सोको विषयमा आवश्यक छानविन र कारवाही गरी पाउँ भनि गुनासो प्राप्त भएकाले सो गुनासो उपर छानविन तथा आवश्यक कारबाही भई अर्को निर्णय नहुँदासम्मको लागि पदपूर्ति प्रक्रियाका बाँकी कामकारबाही स्थगित भएको व्यहोरा मन्त्रालयको मिति २०८३/०२/०८ गतेको पदपूर्ति समितिको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**"यसबाट पर्न गएको असुविधाका लागि मन्त्रालय क्षमायाचना गर्दछ।"**

२०८३/०२/०८
वरिष्ठ शाखा अधिकृत